# नेपाल राजपत्र

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ३० ] काठमाडौं, वैशाख ९ गते २०३७ साल [ अतिरिक्ताङ्क २

### राष्ट्रिय चुनाव आयोगको

### सूचना

श्री ५ महाराजाधिराजबाट स्वीकृत गरिबक्सेको जनमत संग्रह (दोस्रो संशोधन) नियमावली, २०३७ सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ ।

जनमत संग्रह (दोस्रो संशोधन) नियमावली, २०३७

जनमत संग्रह नियमावली, २०३६ मा संशोधन गर्न वाञ्छनीय भएकोले,

राष्ट्रिय चुनाव आयोगले बनाएको देहायका नियमहरूमा श्री ५ महाराजाधिराजबाट स्वीकृति प्रदान गरिबक्सेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यी नियमहरूको नाम "जनमत संग्रह (दोस्रो संशोधन) नियमावली, २०३७" रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. जनमत संग्रह नियमावली, २०३६ मा नियम ९ क. थप : जनमत संग्रह नियमावली, २०३६ (यसपछि "मूल नियमावली" भनिएको) को नियम ९ पछि देहायको नियम ९ क. थपिएको छ:–

"९ क. नाम दर्ता गर्ने सम्बन्धमा आयोगले निर्देशन दिने : (१) मतदाता नाम संग्रह नियमावली, २०३६ वा यस नियमावलीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

6

श्री ५ महाराजाधिराजबाट २०३७ साल वैशाख १ गते आम माफी बक्स भएबमोजिम राजकाजसम्बन्धी मुद्दा लागी आम माफी पाएका व्यक्तिहरूमध्ये मतदाता नाम संग्रह नियमावली, २०३६ बमोजिम मतदाता हुन योग्यता पुगेको कुनै व्यक्तिको नाम मतदाता नामावलीमा दर्ता भई नसकी नाम दर्ता गराउन चाहेमा त्यस्तो व्यक्तिको नाम मतदाता नामावलीमा दर्ता गर्ने सम्बन्धमा यस नियमको अधीनमा रही आयोगले जनमत अधिकृत वा मतदान अधिकृतलाई आवश्यक निर्देशन दिन सक्नेछ । यस्तो निर्देशन भएमा सम्बन्धित जनमत अधिकृत वा मतदान अधिकृतले पनि सो निर्देशनबमोजिम गर्नु गराउनु पर्नेछ ।

(२) उप-नियम (१) बमोजिम मतदाता नामावलीमा नाम दर्ता गराउन चाहने व्यक्तिले आफूमाथि यो यस्तो राजकाजसम्बन्धी मुद्दा लागेको हो भन्ने निवेदनमा खुलाई प्रमाण पेश गर्नु पर्नेछ ।

(३) यस नियमबमोजिम नाम दर्ता गराउन चाहने व्यक्तिले २०३७ साल वैशाख १६ गते बेलुका ५ बजेसम्ममा सम्बन्धित मतदान अधिकृतसमक्ष निवेदन दिनु पर्नेछ । सो समय नाघेपछि दिएको निवेदनउपर कारवाई हुनेछैन ।"

३. मूल नियमावलीको नियम ११ मा संशोधन : मूल नियमावलीको नियम ११ को उप-नियम (२) पछि देहायका उप-नियम (३) र (४) थपिएका छन्:—

"(३) मतदाता नामावली संग्रह गर्ने अन्तिम म्याद २०३६ साल पौष मसान्त पछि सरुवा भई वा काजमा खटिई एक जिल्लाबाट अर्को जिल्लामा गई काम गरिरहेका श्री ५ को सरकारको स्वामित्व भएको संगठित संस्थाका कर्मचारी वा कुनै शिक्षण संस्थाका शिक्षक वा कर्मचारीले आफू सरुवा भएको वा काज खटिएको क्षेत्रअन्तर्गतको मतदान केन्द्र-बाट मतदान गर्न चाहेमा आफू २०३६ साल पौष मसान्त पछि सरुवा भई वा काजमा खटिई आएको हो भन्ने कुरा सरुवा भई गएका वा काजमा गएका ठाउँको कार्यालय प्रमुखबाट प्रमाणित गराई आफ्नो नाम प्रकाशित भएको क्षेत्रसमेत खुलाई आफ्नो नाम दर्ता गराउन सम्बन्धित मतदान अधिकृतसमक्ष निवेदन दिनु पर्नेछ । त्यस्तो निवेदन पर्न आएमा त्यस्तो व्यक्तिको नाम सम्बन्धित मतदाता अधिकृतले मतदान नामावलीमा दर्ता गरिदिनु पर्छ ।

(४) उप-नियम (३) बमोजिम नाम दर्ता गराउन चाहने व्यक्तिले २०३७ साल वैशाख १६ गते बेलुका ५ बजेसम्ममा सम्बन्धित मतदान अधिकृतसमक्ष निवेदन दिनु पर्नेछ । सो समय नाघेपछि दिएको निवेदनउपर कारवाई हुनेछैन ।"

आज्ञाले—
कृष्णप्रसाद घिमिरे
सदस्य-सचिव
राष्ट्रिय चुनाव आयोग

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।